# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : ३ संख्या : ५ असार ०९, २०८०**

### भाग-३

### <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०३/०९ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो। |
| २ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०८०/८१ को आर्थिक विधेयक, २०८० गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो। |
| ३ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०८०/८१ को विनियोजन विधेयक, २०८० गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिकाको सार्वजनिक लेखा समिति(कार्य सञ्चालन तथा व्यवस्थापन ) सम्बन्धी कार्यविधि, २०८० गाउँसभामा पेश गर्ने निर्णय गरियो । |
| ५ | गुल्मीदरबार गाउँपालिकाको विधायन समिति(कार्य सञ्चालन तथा व्यवस्थापन ) सम्बन्धी कार्यविधि, २०८० गाउँसभामा पेश गर्ने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिकाको कर्मचारि कल्याण कोष सञ्चालन सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक, २०८० गाउँसभामा पेश गर्ने निर्णय गरियो । |
| ७ | वडा नं. ४ को वीरबास स्वास्थ्य चौकीको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको तर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट हालसम्म रकम प्राप्त नभएको हुँदा भुक्तानीको लागि समस्या भएकोले मन्त्रालयमा निरन्तर रकम मागका लागि प्रयास गर्ने । |
| ८ | गुल्मीदरबार गाउँपालिका वडा नं ३ मा निर्माणधिन १५ शैया अस्पतालको निमार्ण कार्यको लागि मिति २०७८/०३/२५गते M/S BKOI/ARJUN/NEW LIZA JV TAMGHAS GULMIL संग रु १२९४५६९१३.१६।रकममा मिति २०८०/०३/३१ गते सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सम्झौता गर्दा बिल्डमा उल्लेख गरेको रकम भन्दा हाल निर्माण कार्य गर्दा मुल्य बृदि भएको हुँदा सार्वजनिक खरिद नियमावलि २०६४को दफा ११९ मा गरेको व्यवस्था अनुसार मुल्य समायोजन गर्ने र उत्त अस्पतालको भवन निर्माण कार्य सम्झौता मिति भित्रै सम्पन भएको हुँदा प्राविधिक प्रगति प्रतिवेदनको आधारमा मुल्य समायोजन र कन्टेन्जेन्सी सहितको रु २,०७,९७,९९५/- रकम सम्बन्धित मन्त्रालयमा माग गर्ने निर्णय गरियो । |
| ९ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०८०/०८१ को बजेट तथा कार्यक्रम गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो । |
| १० | गुल्मीदरबार गाउँपालिका वडा नं. १ मा रहेको श्री थाक्सिपोखरा मा.वि.लाई विद्यार्थी संख्याका आधारमा प्रोत्साहन रकम रु.२,००,०००।- उपलब्ध गराउने निर्णय गरियो । |
| ११ | गुल्मीदरबार गाउँपालिकाका महिला शिक्षक सुत्केरी भएमा नियमानुसार निजलाई प्राप्तहुने विदाको अवधिमा राखिने सट्टा शिक्षकलाई मासिक रु.१५०००।-का दरले उपलब्ध गराउने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत